# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

# सूचना

मितिः-२०७८।०२।२५

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको चुनौती अझै कायम रहेको र मिति २०७८।२।२६ गते देखि मिति २०७८।२।३१ गते सम्म जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट निषेधाज्ञा जारी भएको सन्दर्भमा सो अबधिमा अदालतको काम कारवाही तथा प्रवाह हुने सेवामा संकुचन र स्थगन गर्नु पर्ने भएकोले यस अदालतको मिति २०७८।२।१८ मा प्रकाशित सूचना बमोजिमको काम कारवाहीलाई नै निरन्तरता दिने गरी मिति २०७८/०२/२५ को निर्णय अनुसार सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. २०७८ साल जेठ २६ गते देखी २०७८ साल असार १ सम्म यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाई गर्ने ।

२. मुद्दा फिर्ता र मिलापत्र बाहेक अन्य मुद्दा दर्ता र सुनुवाई नगर्ने ।

३. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अविधि सम्मको मुद्दा, रिट तथा निषेधाज्ञाको हदम्याद, म्याद तथा तारेखहरु नगुज्रिने ।

४. अभियोग दर्ता, बयान, थुनछेक, पक्राउ अनुमति र समर्थन, म्याद थप, CDR अनुमतिका कार्य नियमित रुपमा गर्ने ।

०७८।२।२५

उप-सचिव